Australian Government
Department of Education

# Medibank Private मा भएको साइबर सुरक्षासम्बन्धी घटना

## अन्तरराष्ट्रिय विद्यार्थीका लागि सूचना

28 अक्टोबर 2022

Medibank Private मा एउटा साइबर सुरक्षासम्बन्धी महत्त्वपूर्ण घटना भएको छ । यो घटनाले अष्ट्रेलियामा अध्ययन गरिरहेका Medibank Private वा यसको सहायक संस्थाको रूपमा रहेको Australian Health Management Group Pty Ltd (ahm) को बिमा सेवा लिएका विदेशी विद्यार्थीहरूलाई असर गरेको छ ।

यसमा सम्पूर्ण तथ्यहरू प्रकाशित भइसकेका छैनन् तर Medibank ले गरेको साइबर अपराधको अनुसन्धानबाट अन्तरराष्ट्रिय विद्यार्थीका व्यक्तिगत जानकारी र ठूलो मात्रामा स्वास्थ्य बीमा दाबीसम्बन्धी विवरण हेरिएको कुरा पत्ता लागेको छ ।

## अष्ट्रेलिया सरकारीले कसरी विदेशी विद्यार्थीलाई सहायता प्रदान गरिरहेको छ ?

अष्ट्रेलिया सरकार यो समस्या समाधान गर्ने र प्रभावित भएका ग्राहकको जानकारी सुरक्षित राख्ने प्रयोजनका लागि सक्दो सहयोग गर्न Medibank सँग सहकार्य गरिरहेको छ ।

कुन जानकारीको गोप्यता भङ्ग भएको छ र सो जानकारी कसरी सुरक्षित राख्ने भन्ने कुरा यकिन गर्न Services Australia र Medibank सहकार्य गरिरहेका छन् । निजी रूपमा बिमा गरेका ग्राहकलाई के कस्तो असर पर्छ भन्ने कुरा बुझ्ने र प्रभावित ग्राहकसँग घटनाको बारेमा जानकारी दिन Medibank लाई सहयोग गर्ने प्रयोजनका लागि Department of Health and Aged Care ले Medibank लाई सम्पर्क गरिरहेको छ ।

## Medibank लाई विदेशी विद्यार्थीलाई कसरी सहायता गरिरहेको छ ?

Medibank ले प्रभावित ग्राहकलाई सम्पर्क गरेर सहायता र अब के गर्ने भन्ने बारेमा सुझाव दिन सुरु गरेको छ । Medibank ले साइबर अपराधको कारणले प्रभावित भएका विदेशी विद्यार्थी लगायतका ग्राहकहरूलाई सहायता प्याकेज उपलब्ध गराउने घोषणा गरेको छ । यो प्याकेजमा निम्न कुरा समावेश हुन्छः

- यो अपराधको कारणले जोखिमयुक्त परिस्थितिको सामना गरिरहेका व्यक्तिहरूलाई आर्थिक सहायता । यो सहायता व्यक्तिगत रूपमा प्रदान गरिने छ
- IDCARE बाट उपलब्ध गराइने पहिचान सुरक्षाको विशेषज्ञ परामर्श र श्रोत
- प्रमुख ID को सुरक्षा भङ्ग भएका ग्राहकहरूको लागि निःशुल्क पहिचान अनुगमन सेवा
- गोपनीयता भङ्ग भएका परिचय पत्र फेरि जारी गर्न लाग्ने शुल्क फिर्ता

Medibank ले जालसाजीको धम्कीको सामना गरिरहेका ग्राहकहरूलाई सहयोग गर्न विशेषज्ञहरूको टोली खडा गरेको छ । ग्राहकले आफूले प्राप्त गरेका शंकास्पद इमेल वा म्यासेजहरू scaminvestigations@medibank.com.au वा scaminvestigations@ahm.com.au मा पठाउनु पर्छ ।

अन्तरराष्ट्रिय विद्यार्थीहरू 134 148 (अष्ट्रेलिया बाहिरबाट +61 3 9862 1095) मा डायल गरी Medibank लाई सम्पर्क गर्न सक्छन् र Medibank को information page मा गई अद्यावधिक जानकारी प्राप्त गर्न सक्छन् ।

## मानसिक स्वास्थ्य सहायता

मानसिक स्वास्थ्य सहायता उपलब्ध छः

- यो घटनाको कारणले प्रभावित भएका विदेशी विद्यार्थीहरूले सातै दिन चौबीसै घण्टा Student Health & Support Line मा सम्पर्क गर्न सक्छन् । तपाईं Medibank को ग्राहक हुनुहुन्छ भने 1800 887 283 वा र ahm को ग्राहक हुनुहुन्छ भने 1800 006 745 मा सम्पर्क गर्नुहोस् । दोभाषे सेवा पनि उपलब्ध छ ।

## विदेशी विद्यार्थी के गर्न सक्छन् ?

तपाईं आफ्नो पहिचान खुलेको बारेमा चिन्तित हुनुहुन्छ भने आफ्नो दूतावास र बैंकलाई तुरुन्तै सम्पर्क गर्नुहोस् र 1800 595 160 मा IDCARE लाई सम्पर्क गर्नुहोस् ।

यो घटनासँग सम्बन्धित जालसाजीको बारेमा सावधान हुनुहुन्छ । तपाईं आफूलाई सुरक्षित राख्न निम्न लगायतका विविध कुराहरू गर्न सक्नुहुन्छः

- आफ्नो डिभाइस सुरक्षित राख्ने र कुनै अस्वाभाविक घटना हुन्छ भनेर सो डिभाइसको अनुगमन गर्ने र आफ्नो डिभाइसमा नवीनतम सुरक्षा अपडेट गर्ने ।
- सबै खातामा मल्टिफ्याक्टर प्रमाणीकरण अन गर्नुहोस् ।
- तपाईंको पहिचान चोरिएको छ भने तपाईं Commonwealth Victims' Certificate का लागि आवेदन दिन सक्नुहुन्छ ।
- तपाईंलाई आफू साइबर अपराधको शिकार भएको छु जस्तो लाग्छ भने तपाईंले ReportCyber प्रयोग गरी यसका बारेमा रिपोर्ट गर्नु पर्छ ।
- तपाईंलाई यी काम गर्ने सहायता चाहिन्छ भने cyber.gov.au हेर्नुहोस् ।

तपाईं Scamwatch हेरेर पनि आफूलाई जालसाजीबाट कसरी बचाउने भन्ने बारेमा जान्न सक्नुहुन्छ ।

निम्न वेबसाइटले पनि तपाईंलाई सुरक्षित राख्न र अद्यावधिक जानकारी हासिल गर्न मद्दत गर्छन्:

- Moneysmart मा परिचयको चोरी को घटनामा के गर्ने तथा कसरी आफ्नो रकम हिनामिना हुने नदिने भन्ने लगायतका निःशुल्क संयन्त्र, सुझाव र निर्देशन उपलब्ध हुन्छन् ।
- Office of the Australian Information Commissioner (OAIC) ले अष्ट्रेलियामा गोपनीयता र सूचनाको पहुँचसम्बन्धी अधिकारको प्रवर्धन र कायम गर्नुका साथै तपाईंको परिचय चोरिएका बेला के गर्ने भन्ने बारेमा जानकारी प्रदान गर्छ ।
- Australian Cyber Security Centre ले अष्ट्रेलिया सरकारको साइबर सुरक्षा सुधार गर्ने अभियानको नेतृत्व गर्छ र अनलाइनमा आफूलाई कसरी सुरक्षा प्रदान गर्ने भन्ने बारेमा सुझाव र जानकारी प्रदान गर्छ ।